आज मिति २०७७/०५/१३ गते शनिबारका दिन सुनिलसम्मृति गाउँपालिका विपत् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को कोष सञ्चालन समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री गुणेन्द्र घर्ती | संयोजक |
| श्री बाग्मती क्षेत्रीनी | सदस्य |
| श्री केशवराज पार्धे | सदस्य |
| श्री केशवलाल कवर | सदस्य |
| श्री मधुसुदन गैरे | सदस्य सचिव |
| **आमन्त्रित** | |
| श्री सहदेव डार्गी | इन्चार्ज, इलाका प्रहरी कार्यालय सुलिचौरु |
| श्री सावित्रा कुमारी थापा | स्वास्थ्य सह-संयोजक |
| श्री डा. अमिन तुईतुई | मे.अ., प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर |
| श्री केशर बहादुर विष्ट | नायव सुव्वा (पाचौं) |
| श्री दुर्योधन महरा | सहायक चौथो |
| श्री मन बहादुर घर्ती | कार्यालय सहयोगि |

**प्रस्ताव तथा निर्णयहरु :-**

१) आज वसेको विपत् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को कोष सञ्चालन समितिको वैठकबाट निम्न वमोजिमका निर्णय गरियो ।

**निम्न**

क) पछिल्लो अवस्थाको कोभीड-१९ माहामारी र बाढि पहिरो विपत् सम्बन्धी समितिका संयोजक तथा सदस्यज्यूहरु र आमन्त्री सहभागीज्यूहरुबाट समिक्षा गर्ने कार्य सम्पन्न भयो ।

ख) हालसम्म कोभिड-१९ नियन्त्रण र व्यवस्थापनका लागि गाउँपालिकाले गरेको क्रियाकलाप तथा आ.व. २०७६/०७७ मा गरिएको १ करोड ४ लाख २८ हजार ३ सय ६४ रुपैया खर्चहरुको वारेमा स्वास्थ्य शाखाले तयार पारेको प्रतिवेदन वैठकमा जानकारी गराइयो ।

ग) क्वारेन्टाइन व्यवस्थापनका लागि सवै वडाहरुले वडा भित्र रहेका सामुदायिक भवन तथा खालि घरहरुबाट क्वारेन्टाइन सञ्चालन गर्ने ।

घ) क्वारेन्टाइन खर्च वापत क्वारेन्टाइनमा वसेका प्रति व्यक्ति रु २ सय उपलब्ध गराउदै आइरहेको खर्च यस आ.व. का लागि आगामि कार्यपालिका बैठकबाट निर्णय गरि अगाडि बढ्ने ।

ङ) कोभिड-१९ व्यवस्थापनका लागि गजुल स्वास्थ्य चौकी, तेबाङ स्वास्थ्य चौकि र प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरको एम्बुलेन्सलाई सञ्चालन गर्ने, सञ्चालन गर्दा लाग्ने तेल गाउँपालिकाले व्यवस्था गर्ने र चालक भत्ता तथा आवश्यक पर्ने सामाग्रिहरु गाउँपालिकाले उपलब्ध गराउने ।

च) विपतमा परि खाद्यान्न अभाव भएका व्यक्तिहरुलाई वडा कार्यालयको सिफारिसका आधारमा खाद्यान्न उपलब्ध गराउने ।

छ) वाढी पहिरोका कारण घर जोखिम रहेका व्यक्तिहरुलाई वडाको सिफारिस तथा प्राविधिक मूल्याङ्कनका आधारमा वढिमा १० थान तारजाली उपलब्ध गराउने ।

ज) भारत तथा तेश्रो मुलुकबाट फर्कने नागरिकहरुले सम्बन्धीत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गरि स्वास्थ्य परिक्षणको रिपोर्ट सहित होम क्वारेन्टाइनमा वस्ने, होम क्वारेन्टाइनमा वस्नका लागि सम्बन्धित वडा कार्यालयमा पुगि कवुलियतनामा गर्ने र स्वाव संकलनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं ४ सुलिचौरको सेवा केन्द्रमा आइ अनिवार्य स्वाव संकलन गर्नुपर्ने ।

झ) हालसम्म क्वारेन्टाइन सञ्चालन हुदैं आइरहेको विद्यालयहरुलाई स्यानिटाजर गर्नका लागि सम्बन्धित स्वास्थ्य संस्था र वडा कार्यालयले गर्ने तथा आवश्यक पर्ने सामाग्रिहरु गाउँपालिकाले उपलब्ध गराउने ।